# चीखु आवास

## पृष्ठभूमि

टाउन प्लानिङ्गको रुपमा चिन्दै आएको “चीखु आवास” नेपाल सरकारको भौतिक योजना तथा निर्माण मन्त्रालय, काठमाडौं उपत्यका विकास विकास प्राधिकरणद्वारा कीर्तिपुर नगरपालिकामा तीव्र रुपमा अव्यवस्थित बसोबास वृद्धि हुँदै गएको अवस्थालाई मध्यनजर गर्दै यहाँ व्यवस्थित बस्ती स्थापित गर्ने उद्देश्यले करिब १०५ रोपनी जग्गामा आधारित चीखु फाँट जग्गा एकीकरण आयोजना मिति २०५९/०९/२० मा सूचना प्रकाशित गरि २ वर्ष भित्र योजना सम्पन्न गर्ने उद्देश्यले कार्य शुरु गरी र थप १ वर्षका साथ करिब ३ वर्षमा सम्पन्न गरिएको थियो ।

काठमाडौं उपत्यका विकास प्राधिकरण ऐन, २०४५ अनुसार काठमाडौं उपत्यकालाई सुनियोजित रुपमा विकास गरी विभिन्न आय वर्गका व्यक्तिहरुलाई आधारभूत आवासको आवश्यकता पुरा गर्नका लागि सेवा सुविधायुक्त आवास घडेरी तथा सेवा सुविधा (Sites and Service) कार्यक्रम तथा जग्गा एकीकरण (Land Pooling) कार्यक्रम अन्तर्गत सम्पन्न गरेर तत्पश्चात् यहाँको रेखदेखको लागि योजना शुरु देखि नै सहयोग समितिको गठन गरिएको हो । चीखु आवास कीर्तिपुर नगरपालिकाको एउटा छुट्टै पहिचान भएको पृथक योजना हो ।